नेपाल सरकार
गृह मन्त्रालय
**प्रहरी प्रधान कार्यालय**
**( मानवश्रोत एवं प्रशासन विभाग, भर्ना छनौट महाशाखा )**
नक्साल, काठमाण्डौं ।
प्रथम पटक प्रकाशित मिति :- २०७६/१०/०१ गते ।

# नयाँ भर्ना सम्बन्धी सूचना !!!

नेपाल प्रहरीमा **जनपद समूह** तर्फ रिक्त **प्रहरी निरीक्षक र प्रहरी सहायक निरीक्षक** पदहरुमा खुला प्रतियोगिताद्वारा समावेशी प्रावधान अनुसार पदपूर्ति गर्नु पर्ने भएकोले देहाय बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट रु.१०।-को टिकट टाँसी (स्वयम् उपस्थित भई) दरखास्त आव्हान गरिन्छ ।

**१. आवश्यक माग पद संख्या :-**

| विज्ञापन नम्बर | पद | खुला | अमर/अशक्त प्रहरी परिवार | समावेशी समूह | | | | | जम्मा माग पद संख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | महिला | आ./ज. | मधेसी | दलित | पि.क्षे. | |
| ०३ (०७६/७७) | प्रहरी निरीक्षक | ८० | ३ | १३ | २१ | १८ | १० | ४ | **१४९** |
| ०४ (०७६/७७) | प्रहरी सहायक निरीक्षक | ३१५ | १२ | ५१ | ८२ | ७२ | ३९ | १३ | **५८४** |

**२. दरखास्त फाराम दर्ता मिति** :- २०७६/१०/०५ गते, बिहान १०:०० बजेदेखि २०७६/११/११ गते, १७:०० बजे सम्म (सार्वजनिक बिदाको दिन बाहेक) ।

**३. दरखास्त फाराम पाइने र बुझाउने स्थानहरु :-**

| क्र.सं. | कार्यालय | सम्पर्क नम्बर |
|---|---|---|
| १. | महानगरीय प्रहरी कार्यालय, **रानीपोखरी काठमाण्डौं** । | ०१-४२३१४६६ |
| २. | १ नं. प्रदेश प्रहरी कार्यालय, **विराटनगर** । | ०२१-४३५००१ |
| ३. | २ नं. प्रदेश प्रहरी कार्यालय, **जनकपुर** । | ९८५४०२९७४१ |
| ४. | ३ नं. प्रदेश प्रहरी कार्यालय, **हेटौंडा** । | ०५७-५२१४९९ |
| ५. | गण्डकी प्रदेश प्रहरी कार्यालय, **पोखरा** । | ०६१-४६२५०० |
| ६. | ५ नं. प्रदेश प्रहरी कार्यालय, **दाङ** । | ०८२-५२३४१० |
| ७. | कर्णाली प्रदेश प्रहरी कार्यालय, **सुर्खेत** । | ०८३-५२०८११ |
| ८. | सुदूर पश्चिम प्रदेश प्रहरी कार्यालय, **दिपायल** । | ०९४-४१२१४८ |

**४. दरखास्त राजश्व (दस्तुर) :-**

| पद | राजश्व (दस्तुर) |
|---|---|
| प्रहरी निरीक्षक | दरखास्त फारामसाथ राजश्व दस्तुर बापत रु.१००० (एक हजार) बुझाउनु पर्नेछ । साथै एक भन्दा बढी समूहमा दरखास्त दिने उम्मेदवारको हकमा प्रत्येक समूहको लागि २०% (रु.२००) का दरले थप दस्तुर लाग्ने छ । |
| प्रहरी सहायक निरीक्षक | दरखास्त फारामसाथ राजश्व दस्तुर बापत रु.३०० (तीन सय) बुझाउनु पर्नेछ । साथै एक भन्दा बढी समूहमा दरखास्त दिने उम्मेदवारको हकमा प्रत्येक समूहको लागि २०% (रु.६०) का दरले थप दस्तुर लाग्ने छ । |

**५. आवश्यक न्यूनतम योग्यता :-**

| पद | न्यूनतम योग्यता |
|---|---|
| प्रहरी निरीक्षक | १. शैक्षिक योग्यता: मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तिमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको ।<br>२. नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजायँ नपाएको,<br>३. मानव अधिकार र मानवीय कानुनको उल्लङ्घनमा सजायँ नपाएको,<br>४. राजनैतिक दलको सदस्य नरहेको,<br>५. आतङ्ककारी संगठनको सदस्य नरहेको,<br>६. उचाई, छाती र तौल:<br>(क) **पुरुष:** उचाई घटीमा ५ फिट २ ईन्च, छाती ३१-३३, तौल ५० के.जी.<br>(ख) **महिला:** उचाई घटीमा ५ फिट, तौल ४२ के.जी.<br>७. आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको, |

| पद | न्यूनतम योग्यता |
|---|---|
| | ८. प्रहरी प्रधान कार्यालयबाट तोकिएको स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाण पत्र पाएको (परीक्षा सञ्चालनको क्रममा हुने),<br>९. नेपाली नागरिक । |
| प्रहरी सहायक निरीक्षक | १. शैक्षिक योग्यता: मान्यता प्राप्त विश्वविद्यालयबाट प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको ।<br>२. अन्य योग्यताको हकमा प्रहरी निरीक्षक पदको क्र.सं. (२) देखि (९) सम्मको योग्यताहरु पुरा भएको । |

**६. उमेर हद :-**

| पद | उमेर हद |
|---|---|
| प्रहरी निरीक्षक | • दरखास्त फाराम दर्ता गर्ने अन्तिम मितिसम्म २० वर्ष उमेर पुगेको र २५ वर्ष ननाघेको, तर खुला प्रतियोगितामा भाग लिने प्रहरी सेवाको राजपत्र अनंङ्कित प्रहरी कर्मचारीको हकमा ३५ वर्ष ननाघेको र प्रहरी जवान वा प्रहरी अधिकृत आधारभूत तालिम गरेको प्रमाण पत्र पेश गर्नु पर्नेछ ।<br>• प्राविधिक प्रहरी कर्मचारीहरुको हकमा प्रहरी नियमावली, २०७१ (संशोधन सहित) प्रारम्भ हुनु भन्दा अगाडी कायम रहेको प्राविधिक प्रहरी नियमावली, २०५८ बमोजिम नियुक्ति भएको वा प्रहरी नियमावली, २०७१ (संशोधन सहित) बमोजिम प्राविधिक प्रहरी समूहमा नियुक्ति पाएको प्रहरी कर्मचारीले जनपद प्रहरी समूह तर्फको प्रहरी सहायक निरीक्षक पदको उम्मेदवारको लागि तोकेको उमेर हद भित्र सेवा प्रवेश गरेको भएमा जनपद प्रहरी समूह तर्फको प्रहरी निरीक्षक पदमा खुला प्रतिष्पर्धा गर्न सक्नेछ ।<br>• बहालवाला श्रेणी विहीन प्रहरी कर्मचारीको हकमा प्रहरी नियमावली, २०७१ (संशोधन सहित) को नियम ४० बमोजिम २५ वर्ष ननाघेको हुनु पर्नेछ । |
| प्रहरी सहायक निरीक्षक | • दरखास्त फाराम दर्ता गर्ने अन्तिम मितिसम्म १८ वर्ष उमेर पूरा भई २४ वर्ष ननाघेको, तर खुला प्रतियोगितामा भाग लिने प्रहरी सेवाको राजपत्र अनङ्कित प्रहरी कर्मचारीको हकमा ३५ वर्ष ननाघेको र प्रहरी जवान आधारभूत तालिम गरेको प्रमाण पत्र पेश गर्नु पर्नेछ ।<br>• बहालवाला श्रेणी विहीन प्रहरी कर्मचारीको हकमा प्रहरी नियमावली, २०७१ (संशोधन सहित) को नियम ४० बमोजिम २५ वर्ष ननाघेको हुनु पर्नेछ । |

**७. दरखास्त साथ समावेश गर्नुपर्ने कागजातहरू :-**

(क) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि १ (एक) प्रति ।

(ख) हाल सालै खिचेको दुवै कान देखिने पासपोर्ट साइजको फोटो ५ (पाँच) प्रति ।

(ग) आफूले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि १/१ (एक/एक) प्रति (प्रत्येक तहको चारित्रिक, स्थायी वा प्रोभिजिनल प्रमाण पत्र र मार्कशिट सहित तथा नेपाल बाहिर अध्ययन गरेको हकमा त्रि.वि.वि.बाट समकक्षता निर्धारणको प्रमाण पत्र (Equivalent Certificate)।

(घ) **आदिवासी/जनजातिका** लागि नेपाल आदिवासी/जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठानबाट आदिवासी/जनजाति भनी प्रमाणित भएको प्रमाण पत्रको प्रतिलिपी-१ (एक) प्रति । तर, नेपाल आदिवासी/जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानिय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनि प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

(ङ) **दलितका** लागि राष्ट्रिय दलित आयोगबाट दलित भनी प्रमाणित भएको प्रमाण पत्रको प्रतिलिपी-१ (एक) प्रति । तर, राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनि प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

(च) **मधेसीका** लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनि प्रमाणित भएको तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनि प्रमाणित भएको प्रमाण पत्रको प्रतिलिपि-१ (एक) प्रति ।

(छ) **पिछडिएको क्षेत्रका** लागि (**अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला**) जिल्लामा स्थायी बसोवास गरी सम्बन्धित जिल्लाबाट नै नागरिकताको प्रमाण पत्र प्राप्त गरेको तथा सम्बन्धित गाँउपालिका वा नगरपालिकाबाट दरखास्त पेश गर्दाका वखतसम्म सोही स्थानमा स्थायी बसोवास भएको भन्ने सिफारिस गरिएको । स्थायी वसोवास भएको जिल्ला बाहेक अन्यत्र जिल्लाबाट नागरिकता लिएको भएमा नागरिकता जारी भएको जिल्ला प्रशासन कार्यालयबाट सो गर्नु परेको कारण उल्लेख भएको पत्र लिएको हुनु पर्नेछ ।

(ज) **अमर/अशक्त प्रहरी परिवारको** लागि अमर/अशक्त भएको कुरा पुष्टि हुने कागजपत्र र नाता प्रमाणित कागजपत्र ।

(झ) दरखास्त फारामसँग संलग्न गरी पेश गर्ने कागजातहरुको प्रतिलिपिको पछाडि पट्टि **'सक्कल बमोजिम नक्कल ठिक छ'** भनि उम्मेदवार स्वयम्ले दस्तखत गर्नु पर्नेछ ।

## ८. परीक्षा विधि र परीक्षा हुने स्थान :-

- **प्रहरी निरीक्षक/प्रहरी सहायक निरीक्षक**

| परीक्षा विधि | परीक्षा हुने स्थान (प्रहरी निरीक्षक) | परीक्षा हुने स्थान (प्रहरी सहायक निरीक्षक) |
|---|---|---|
| (क) प्रारम्भिक स्वास्थ्य परीक्षण तथा शारीरिक तन्दुरुस्ती परीक्षा | राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान, महाराजगंज, काठमाण्डौं । | • महानगरीय प्रहरी कार्यालय रानीपोखरी काठमाण्डौंमा दरखास्त दर्ता गरेका उम्मेदवारहरुको हकमा महानगरीय प्रहरी शिक्षालय, महाराजगंज काठमाण्डौंमा ।<br>• प्रदेश प्रहरी कार्यालयमा दरखास्त दर्ता गरेका उम्मेदवारहरुको हकमा सम्बन्धित प्रदेश प्रहरी तालिम केन्द्रहरुमा । |
| (ख) विस्तृत स्वास्थ्य परीक्षण परीक्षा | नेपाल प्रहरी अस्पताल, महाराजगंज । | नेपाल प्रहरी अस्पताल/प्रदेश प्रहरी अस्पताल तथा शारीरिक तन्दुरुस्ती परीक्षा संचालन हुने सम्बन्धित परीक्षा केन्द्रहरुमा । |
| (ग) लिखित परीक्षा | **लोक सेवा आयोगबाट सञ्चालन हुने हुँदा लोक सेवा आयोगद्वारा तोकेको परीक्षा केन्द्रमा सञ्चालन हुनेछ ।** | **लोक सेवा आयोगबाट सञ्चालन हुने हुँदा लोक सेवा आयोगद्वारा तोकेको परीक्षा केन्द्रमा सञ्चालन हुनेछ ।** |
| (घ) विशेष स्वास्थ्य परीक्षण परीक्षा | नेपाल प्रहरी अस्पताल, महाराजगंज । | नेपाल प्रहरी अस्पताल, महाराजगंज काठमाण्डौं । |
| (ङ) सक्षमता परीक्षण र अन्तर्वार्ता | प्रहरी प्रधान कार्यालय, नक्साल । | प्रहरी प्रधान कार्यालय, नक्साल काठमाण्डौं । |

**नोटः-**

- वस्तुगत बहुउत्तर (Multiple Choice) प्रश्नको गलत उत्तर बापत २०% अंक कट्टा गरिने व्यहोरा जानकारी गराईन्छ ।
- वस्तुगत बहुउत्तर प्रश्नको उत्तर लेख्दा अंग्रेजी ठूलो अक्षर (Capital Letter) मा A,B,C,D लेखिएको उत्तरलाई मात्र मान्यता दिइने छ ।

**९. सम्पर्क मिति तथा स्थान** :- २०७६/११/३० गते, विहान ११:०० बजे दरखास्त फाराम दर्ता गर्ने सम्बन्धित प्रहरी कार्यालयहरु ।

**पुनश्चः**

१. हरेक चरणको परीक्षा समाप्ति पश्चात नतिजा प्रकाशन गरिनेछ र उत्तीर्ण उम्मेदवारलाई मात्र अर्को चरणको परीक्षामा सम्मिलित गराइनेछ ।
२. परीक्षा संचालन गर्दा खुला तथा समावेशी समूह तर्फको एउटै परीक्षा संचालन गरिनेछ र निजहरुले प्राप्त गरेको अंकको आधारमा समावेशी तर्फका उम्मेदवारहरु बिचमात्र छुट्टा-छुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ ।
३. दरखास्त पेश गर्दा सक्कल प्रमाण पत्रहरु साथमा लिई उम्मेदवार स्वयम् उपस्थित हुनु पर्नेछ ।
४. विभागीय उम्मेदवारको हकमा समान पद/तहमा दरखास्त फाराम दर्ता गर्न पाइने छैन ।
५. यस विज्ञापन सम्बन्धी सूचना तथा विभिन्न चरणमा लिइने परीक्षाहरुको पाठ्यक्रम नेपाल प्रहरीको वेभसाईट *www.nepalpolice.gov.np* मा समेत हेर्न सकिनेछ र दरखास्त फाराम सोही वेभसाइटबाट डाउनलोड गरी आवश्यक कागजातहरु संलग्न राखी तोकिएको कार्यालयमा पेश गर्न सकिनेछ ।

मिति:- २०७६/१०/०१ गते ।

**प्रहरी प्रधान कार्यालय**
मानवश्रोत एवं प्रशासन विभाग
भर्ना छनौट महाशाखा
नक्साल, काठमाण्डौं ।
फोन नम्बरः ०१-४४१४९०६

नेपाल सरकार गृह मन्त्रालय प्रहरी प्रधान कार्यालय, नक्साल